परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ५०४ पृष्ठ ४ २०८२ माघ २० गते, मंगलबार 3 February, 2025 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## गायक बेल बहादुर परियारको
## नयाँ सिर्जना बर्दिबासमा विमोचित



● जीवनराज दाहाल

लोक तथा दोहोरी गायक बेल बहादुर परियारको नयाँ दोहोरी गीत 'फूल खसिगो, माया बसिगो ' को म्युजिक भिडियो सोमबार बर्दिबासमा एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, महोत्तरीको आयोजनामा गौतम होटल, बर्दिबासमा सम्पन्न कार्यक्रममा भिडियो विमोचन गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्री र विशिष्ट अतिथि मधेश प्रदेशकी पूर्व राज्य मन्त्री सारदा देवी थापाले संयुक्त रूपमा म्युजिक भिडियो विमोचन गरेका थिए। विमोचनपछि भिडियो प्रोजेक्टरमार्फत उपस्थित दर्शकलाई प्रदर्शन गरिएको थियो। गीतमा बेल बहादुर परियार र प्रतिमा अर्यालको स्वर रहेको छ। शब्द तथा सङ्गीत स्वयं परियारकै रहेको गीतको ऐरेञ्ज, मिक्स तथा मास्टरिङ राजिव शाहले गरेका हुन्। म्युजिक सिटी डिजिटल, अनामनगरमा रेकर्ड गरिएको गीतका रेकर्डिष्ट प्रकाश श्रेष्ठ हुन्।

म्युजिक भिडियोमा सञ्जिब ठकुरी र सुजाता भट्टराईको अभिनय देख्न सकिन्छ। भिडियोको निर्देशन मिलन श्रेष्ठले गरेका हुन् भने कोरियोग्राफी राजाराम सिंखडा, छायाङ्कन सन्तोष तिमल्सिना, श्रृङ्गार नितु लामा तथा सम्पादन रोशन धितालले गरेका छन्। भिडियो मिलन फिल्म्स प्रोडक्सन प्रा.लि. द्वारा निर्माण गरिएको हो।

कार्यक्रममा बोल्दै मेयर प्रह्लाद कुमार क्षेत्रीले स्थानीय प्रतिभालाई पहिचान गराउँदै अगाडि बढाउन सबैको सहकार्य आवश्यक रहेको बताए। उनले गायक परियारलाई व्यवसायिक तथा राष्ट्रिय कलाकारका रूपमा स्थापित गर्न नगरपालिकाले सदैव सकारात्मक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे।

विशिष्ट अतिथि सारदा देवी थापाले गायक परियारले लामो समयदेखि लोक तथा दोहोरी क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गरिन्। अपेक्षित प्रचार नपाए पनि निरन्तर सङ्घर्ष गर्दै सांगीतिक यात्रालाई अघि बढाइहेको बताउँदै उनले अब सबै मिडियाले परियारलाई चिनाउन सहयोग गर्नुपर्नेमा जोड दिइन्।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, महोत्तरीका अध्यक्ष समेत रहेका गायक बेल बहादुर परियारले गीत विमोचनका क्रममा आफ्नो सांगीतिक यात्राका आरोह-अवरोह, संघर्ष र साधनाका अनुभव साझा गरे। उनले दर्शक-श्रोताको माया र समर्थनले नै कलाकारलाई ऊर्जा दिने भन्दै सबैलाई आफ्नो सिर्जनालाई हेर्न, सुन्न र माया गर्न आग्रह गरे। कार्यक्रममा कलाकार, पत्रकार, समाजसेवी तथा राजनीतिक व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमको उद्घोषण बिनोद दुङ्गेलले गरेका थिए भने मिडिया पार्टनरका रूपमा ॐकार टेलिभिजनको लोकप्रिय कार्यक्रम 'पञ्चामृत' रहेको थियो।

गायक परियारले यसअघि 'जाग नेपाली वीर नेपाली', 'सिन्धुलीका सुसेलीहरू', 'गरौं है रमाइलो', 'मिठो सम्झना' लगायत थुप्रै गीत सार्वजनिक गरिसकेका छन्। हालै सार्वजनिक 'फूल खसिगो, माया बसिगो' पनि दर्शक-श्रोताले रुचाउने अपेक्षा गरिएको छ।

## सरकारी पोखरी
# व्यक्तिको नाममा दर्ता: तीन जनामाथि भ्रष्टाचार मुद्दा

● टक नेपाल




महोत्तरीको जलेश्वरस्थित भूमिसुधार तथा मालपोत कार्यालयका कर्मचारीहरूको मिलेमतोमा सरकारी सार्वजनिक जग्गा (पोखरी) व्यक्तिको नाममा दर्ता गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

साविक इटहर्वाकट्टी गाविस-३ (हाल मनरा सिसवा नगरपालिका-२) स्थित कित्ता नम्बर १२७ को ५ कट्ठा १२ धुर जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा पुऱ्याएको ठहर गर्दै आयोगले सोमबार आरोपपत्र दायर गरेको हो।

स्रेस्ता केरमेट गरी सरकारी जग्गा हिनामिना आयोगका अनुसार नापीका बखत फिल्डबुकमा 'पर्ती प्रमाणित' र विरहमा 'पोखरी' उल्लेख भएको उक्त सरकारी जग्गालाई मालपोतका कर्मचारीहरूले राजिवकुमार ठाकुरको नाममा दर्ता गरिदिएका थिए। अनुसन्धानका क्रममा उक्त जग्गा कुन विधि र प्रक्रियाबाट ठाकुरको नाममा आएको हो भन्ने कुनै आधार प्रमाण फेला परेको छैन। कर्मचारीहरूले मालपोतको मूल मोठ स्रेस्तामा अनाधिकार रूपमा सच्याउने, केरमेट गर्ने र थपघट गरी २०८० साउन ८ गते मात्रै कम्प्युटर प्रणालीमा प्रविष्ट गरेको पाइएको छ।

सरकारले छुट जग्गा दर्ताको कुनै सूचना वा निर्णय नगरेको अवस्थामा पनि नासु परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहले आपसी मिलेमतोमा जग्गाधनी स्रेस्ता र पुर्जा तयार गरेको अख्तियारको निष्कर्ष छ।

बिगो र सजायको मागदाबी भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वरको पत्र अनुसार उक्त जग्गाको न्यूनतम मूल्याङ्कन प्रति कट्ठा ३ लाखका दरले जम्मा १७ लाख २५ हजार रुपियाँ कायम गरिएको छ।

सोही रकमलाई बिगो मान्दै आयोगले नासु परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८, ९ र ११ बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय माग गरेको छ।

यस्तै, सरकारी जग्गा आफ्नो नाममा कायम गरी लाभ लिने राजिवकुमार ठाकुरलाई पनि मुख्य कसुरदार सरह नै सजाय र बिगो असुल उपरको माग दाबी लिइएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

अख्तियारले सरकारी सार्वजनिक सम्पत्तिमाथि दूषित मनसाय राखेर स्रेस्ता हेरफेर गर्ने र गलत लिखत तयार पार्ने कार्यमा संलग्नहरूमाथि कडा कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेसँगै यो प्रकरणले महोत्तरीको मालपोत प्रशासनमा हलचल पैदा गरेको छ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित िनकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रिय(ाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।

बर्दिवास नगरपालिका, महोत्तरी, मधेश प्रदेश

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### वैकल्पिक भनिएको दल, पुरानै सोच

राजनीतिमा ठूला शब्द बोल्न सजिलो हुन्छ, तर ती शब्दलाई व्यवहारमा उतार्न साहस, इमानदारी र प्रतिबद्धता चाहिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापना कालदेखि नै आफूलाई वैकल्पिक शक्ति, विधिसम्मत राजनीति गर्ने दल र महिलाको समान प्रतिनिधित्वको पक्षपातीका रूपमा प्रस्तुत गर्दै आएको छ। ३३ प्रतिशत होइन, ५० प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्छ भन्ने नारा पटक-पटक दोहोरियो। तर प्रतिनिधिसभा निर्वाचनका लागि सार्वजनिक गरिएको प्रत्यक्ष उम्मेदवार सूचीले ती सबै घोषणामाथि गम्भीर प्रश्न खडा गरिदिएको छ।

१६५ निर्वाचन क्षेत्रमध्ये जम्मा १६ जना महिला उम्मेदवार–यो संख्या ३३ प्रतिशत त परै जाओस्, १० प्रतिशत पनि पुग्दैन। महिलाको जनसंख्या ५१ प्रतिशत भएको देशमा, घर-परिवारदेखि समाज र अर्थतन्त्र सम्हालिरहेका महिलालाई नेतृत्वमा ल्याउन नसक्नु गम्भीर असफलता हो। मतदानका बेला महिलाको भरोसा चाहिने, तर निर्णय गर्ने स्थानमा पुग्दा पाखा लगाइने प्रवृत्ति नयाँ दलमा पनि दोहोरिनु दुःखद छ।

संविधानले महिलालाई समान सहभागिताको हक सुनिश्चित गरेको छ। समावेशिता भनेको केवल समानुपातिक सूचीमा सीमित हुनु होइन, प्रत्यक्ष निर्णय गर्ने स्थानमा महिलाको उपस्थिति सुनिश्चित गर्नु हो। यदि वैकल्पिक भनिने दलले पनि यही पुरानै अभ्यास दोहोर्याउँछ भने, परिवर्तनको आशा कहाँबाट गर्ने? लोकतन्त्रमा प्रश्न उठाउनु अधिकार हो, र ती प्रश्नको उत्तर व्यवहारबाट दिनु राजनीतिक जिम्मेवारी।




# जीतपुर सिमरामा
# नदीजन्य पदार्थ तस्करी भयावह, प्रहरी र पालिका मूकदर्शक

• टक नेपाल

प्रहरी, प्रशासन, जनप्रतिनिधि तथा पार्टीहरू आउँदो चुनावी प्रचारप्रसार तथा त्यसको तयारीमा व्यस्त छन् । जसको मौका छोप्दै जीतपुर सिमरा उपमहानगरभित्र नदीजन्य पदार्थको चोरी तथा तस्करी बढ्न थालेको छ ।

उपमहानगरले गत वर्ष खोलाको ठेक्का लगाउन सकेको थिएन, चालु आर्थिक वर्षको माघ तेस्रो सातासम्म पनि सूचना निकालिसक्दा पनि ठेक्का-सम्झौता हुन सकेको छैन । समयमै खोला ठेक्का लगाउन नसक्दा नदीजन्य पदार्थ तस्करी बढ्न थालेको छ भने दुई वर्षदेखि सङ्घ, प्रदेश र पालिकाले करोडौँ रुपैयाँ राजस्वसमेत गुमाउनुपरेको छ ।

उपमहानगरले यस क्षेत्रमा भएका खोला तथा नदीजन्य पदार्थ ठेक्का लगाएर वार्षिक १२ देखि १४ करोड रुपैयाँ राजस्वमार्फत सङ्कलन गर्दै आएको थियो । पालिकाभित्रका दुधौरा, बालगंगा र पसाहा खोला छेउका सार्वजनिक र अन्य उब्जाउ हुने भूमिमा दुई दर्जन बालुवा प्रशोधन तथा क्रसर उद्योग सञ्चालनमा छन् ।

जीतपुर सिमरा-१२ का वडाध्यक्ष श्यामबाबु खाँ चौधरी दुई वर्षदेखि खोला ठेक्का नलाग्दा क्रसरले थुपारेको नदीजन्य पदार्थको स्रोतको खोजी गर्नुपर्ने बताउँछन् । उनका अनुसार नगरप्रमुख राजन पौडेलले चाहे अवैध बालुवा, ढुङ्गा तथा गिटी तत्कालै जफत गर्न सकिन्छ।

'क्रसरले सधैँ बालुवा, ढुङ्गा, गिटी, बेचिरहेको छ, थुप्रो पनि खै कहिल्यै घट्दैन, कहाँबाट ल्याएर कसरी थुपारेको छ । विशेष खोज अनुसन्धान भएपछि मात्रै थाहा हुन्छ,' वडाध्यक्ष चौधरीले भने, 'गत वर्ष ठेक्का लागेन, यो वर्ष अहिलेसम्म लागेको छैन, कारण के हो ?'

बालगंगा क्रसर तथा बालुवा प्रशोधन उद्योगले जीतपुर सिमरा- १२ मा ३ वर्षअघि करिब १० कट्ठा खेतीयोग्य जग्गा भाडामा लिएर उद्योग सञ्चालन गर्दै आएको छ। हाल उक्त उद्योगले किसानको खेतीयोग्य १० बिगाहा जमिनमा क्रसर फैलाएको छ। खेतको फाँटमा रहेका ठुला थुप्राहरू निकै परबाट पनि प्रस्टै देखिन्छन् ।

रातोपाटीकर्मी त्यहाँ पुग्दा क्रसर उद्योग सञ्चालकले तस्बिर खिच्नसमेत अवरोध गरेका थिए ।

वडाध्यक्ष चौधरीले सुरुमा क्रसर उद्योगलाई जग्गा नदिन किसानहरूलाई धेरै अनुरोध गरेका थिए, तर उनका अनुसार प्रतिकठ्ठा वार्षिक ५ हजार रुपैयाँसम्म पाएपछि किसान तयार भए ।

अहिले भने उक्त क्षेत्रको २० बिगाहा उब्जाउ भूमि बालुवा र ढुङ्गा, गिटीले बन्जर भएको भन्दै किसानहरू पछुताएका चौधरी बताउँछन् ।

'हाम्रो वडामा क्रसर उद्योगले किसानको सिँचाइ गर्ने कुलोमा बालुवाको लेदो पानी फ्याँकेको, विद्यालयमा समयमा तीव्र गतिमा टिपर गुडाएर बालबालिकामा त्रास र दुर्घटनाको जोखिम फैलाएको गुनासो छ,' उनले भने, 'विद्यालय समयमा क्रसरको ठुलो होहल्लाले पठनपाठनमा समस्या भएको शिक्षकहरूको पनि गुनासो छ ।'

क्रसर उद्योगहरूले उद्योग स्थापनापूर्व सार्वजनिक सुनुवाइका क्रममा जनाएका कुनै पनि प्रतिबद्धता पालना नगरेका स्थानीयहरूले पनि बताइरहेका छन् ।

केही वडाध्यक्षहरूको क्रसर र बालुवा उद्योगमा लगानी भएका कारण पनि नदीजन्य पदार्थको चोरी तस्करी नियन्त्रण हुन नसकेको जीतपुर सिमरा-१५ का स्थानीय विदुर खड्का बताउँछन् ।

बाराका १६ वटा पालिकामध्ये जीतपुर सिमरा उपमहानगर, कोल्हवी र निजगढ नगरपालिकाले मात्रै नदीजन्य पदार्थको ठेक्का लगाउँदै आएका छन् । असोजभित्र लगाउनुपर्ने ठेक्का यी तीनवटै पालिकामा चालु आवको पाँच महिना बितिसक्दा पनि लागेका छैनन् ।

कोल्हवी र निजगढको विस्तृत वातावरणीय अध्ययन प्रभाव मूल्याङ्कन प्रतिवेदन मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको छैन । जीतपुर सिमराको हकमा भने ठेक्काको आशय निकाले पनि प्रमुख प्रशासकीय अधिकृत नहुँदा सम्झौता हुन सकेको छैन ।

कोल्हवी नगरपालिका नगरप्रमुख रामप्रसाद चौधरीले जीतपुर सिमरा र कोल्हवीको तुलनामा निजगढको खोलाहरूबाट बालुवा, ढुङ्गा, गिटीको चोरी, तस्करी डरलाग्दो अवस्थामा भएको बताएका छन् । 'हाम्रो क्षेत्रमा त दिनभरि नगरप्रहरी खटाएर जसोतसो नियन्त्रणको प्रयास गरेका छौँ,' चौधरीले भने, 'तर निजगढमा डरलाग्दो रूपमा चोरी भइरहेको छ ।'

स्थानीय तहहरूले समयमा ठेक्का लगाउन नसक्ने र तस्करी नियन्त्रण गर्न नसक्दा यी ३ वटै पालिकाका आधा दर्जन खोला माफियाको कब्जामा पुगेका छन् । प्राकृतिक स्रोत साधनको अनुगमन तथा निगरानी राख्ने स्थानीय तह जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय सबै मौन हुनुले मिलेमतोको आशंकासमेत उब्जाएको छ ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द कुमार मिश्रले नदीजन्य पदार्थको चोरी तस्करी नियन्त्रण गर्ने मुख्य जिम्मेवारी पालिकाकै भएको बताएका छन् । उनले यसअघि निजगढका खोलाहरूमा गरिएको अनुगमनमा बालुवा तथा क्रसर उद्योग सञ्चालकहरू फरार भएको र स्रोत नखुलेका नदीजन्य पदार्थका ठुला थुप्राहरू भेटिएको बताए ।

### प्रशासकीय प्रमुख नहुँदा ठेक्का सम्झौतामा समस्या

जीतपुर सीमरा उपमहानगर करिब डेढ महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन अवस्थामा छ । पुस दोस्रो साता शान्तिराज प्रसाईंको सरुवा भएपछि माघ पहिलो साता प्रमुख प्रशासकीय अधिकृतका रूपमा हीरालाल चौधरी यहाँ

बाकी पष्ठ ४.....

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

एकडारा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# मधेस, विकास र लोकतन्त्र

टक नेपाल



मधेस नेपालकै अन्नको भण्डार हो। श्रमको ठूलो स्रोत हो। संस्कृतिको धनी भूगोल हो। तर यही मधेस आज पनि विकासका सूचकहरूमा पछाडि किन छ? शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन- प्रत्येक क्षेत्रमा मधेस किन 'सम्भावनाको भूमि' मै सीमित रह्यो?

यो प्रश्न भावनात्मक मात्र होइन, गहिरो संरचनागत कारणसँग जोडिएको छ। मधेसको पछौटेपन कुनै समुदायको अक्षमता होइन, राज्य निर्माणको इतिहास, नीति निर्माणको पक्षपात र राजनीतिक नेतृत्वको असफलतासँग गाँसिएको यथार्थ हो यो।

मधेस पछाडि पर्नुको पहिलो र गहिरो कारण राज्यको ऐतिहासिक उपेक्षा हो। आधुनिक नेपाल निर्माण भएदेखि नै शक्ति, स्रोत र अवसर पहाड र काठमाडौं केन्द्रित रहे। मधेसलाई सधैं सीमावर्ती, सन्देहास्पद र केवल कर तथा उत्पादनको स्रोतका रूपमा हेरियो। नीति निर्माणमा मधेसको आवाज कमजोर रह्यो र जब आवाज उठ्यो, त्यसलाई 'असन्तोष' वा 'अराजकता' भनेर खारेज गरियो।

दोस्रो कारण हो- पूर्वाधारको असमान विकास। मधेस समथर भूभाग हुँदाहुँदै पनि गुणस्तरीय सडक, सिँचाइ, औद्योगिक क्षेत्र, विद्युत् वितरण र सहरी योजना सन्तोषजनक भएनन्। योजनाहरू बने, तर कार्यान्वयन कमजोर रह्यो; कहिले भ्रष्टाचारले, कहिले केन्द्र-प्रदेश समन्वयको अभावले।

तेस्रो, शिक्षा र स्वास्थ्यमा दीर्घकालीन लगानीको कमी। मधेसमा विद्यालय छन् तर गुणस्तर कमजोर छ। प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच सीमित छ। स्वास्थ्य चौकी त छन्, तर चिकित्सक छैनन्। अस्पताल त छन्, तर सेवा छैन। यसले मानव विकास सूचकांकलाई तल तानिरह्यो।

मधेसको विकास कुनै एक परियोजनाले होइन, बहु-आयामिक रूपान्तरणबाट सम्भव छ। यसको आधार कृषि, उद्योग, मानव पुँजी र सुशासन हुन्।

चौथो, राजनीतिक नेतृत्वको विफलता पनि आत्मालोचनाको विषय हो। मधेसको नाममा राजनीति त भयो, तर दीर्घकालीन विकास एजेन्डा कमजोर रह्यो। पहिचान र अधिकारको आन्दोलन आवश्यक थियो तर त्यसलाई सुशासन, आर्थिक रूपान्तरण र संस्थागत सुधारसँग जोड्न सकिएन। नतिजा– आन्दोलनबाट सत्ता त आयो, तर जीवनस्तरमा ठोस परिवर्तन आएन।

मधेसको विकास कुनै एक परियोजनाले होइन, बहु-आयामिक रूपान्तरणबाट सम्भव छ। यसको आधार कृषि, उद्योग, मानव पुँजी र सुशासन हुन्। पहिलो, कृषिको आधुनिकीकरण। मधेस कृषि प्रधान क्षेत्र हो, तर किसान अझै पनि परम्परागत खेतीमा सीमित छन्। सिँचाइ प्रणालीमा सुधार, भण्डारण, प्रशोधन उद्योग, बजार पहुँच र मूल्य स्थिरता बिना किसान गरिब नै रहन्छन्।

कृषि सहकारी, एग्रो-प्रोसेसिङ जोन र निजी-सार्वजनिक साझेदारीमार्फत कृषि मूल्य शृं्ला निर्माण गर्नुपर्छ। यसमा दोस्रो हो- औद्योगिकीकरण र रोजगारी। मधेस भारतसँग जोडिएको रणनीतिक भूगोल हो। सीमावर्ती औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, साना तथा मझौला उद्योग प्रवर्द्धनले स्थानीय रोजगारी सिर्जना गर्न सक्छ। युवालाई वैदेशिक रोजगारीको बाध्यताबाट मुक्त गर्ने एकमात्र बाटो यही हो।

तेस्रो, शिक्षा र सीप विकास। मधेसको विकासको मेरुदण्ड मानव पुँजी हो। प्राविधिक शिक्षा, स्वास्थ्य शिक्षा, कृषि र उद्योगसँग जोडिएको सीप विकास अनिवार्य छ। विद्यालयमा गुणस्तर सुधार, शिक्षक तालिम र डिजिटल शिक्षामा लगानी बिना दीर्घकालीन परिवर्तन सम्भव छैन।

चौथो, स्वास्थ्य र सामाजिक सुरक्षा। कुपोषण, मातृ-शिशु मृत्युदर र रोगको बोझ घटाउन प्राथमिक स्वास्थ्य सेवामा बलियो लगानी चाहिन्छ। स्वास्थ्य बिमा, मोबाइल क्लिनिक र स्थानीय तहसँग समन्वय विकासको आधार हो।

नेपालमा चुनाव प्रायः भावना, पहिचान र व्यक्तिकेन्द्रित नारामा सीमित हुन्छ। मधेसमा पनि यही प्रवृत्ति हावी छ। तर अब विकासलाई केन्द्रीय मुद्दा बनाउने समय आएको छ।

पाँचौँ, सुशासन र संस्थागत क्षमता। विकास बजेट छ, तर परिणाम छैन- यो मधेसको साझा पीडा हो। पारदर्शिता, जवाफदेहिता र स्थानीय सरकारको क्षमता अभिवृद्धि बिना विकास नारामै सीमित रहन्छ।

नेपालमा चुनाव प्रायः भावना, पहिचान र व्यक्तिकेन्द्रित नारामा सीमित हुन्छ। मधेसमा पनि यही प्रवृत्ति हावी छ। तर अब विकासलाई केन्द्रीय मुद्दा बनाउने समय आएको छ।

पहिलो, मतदाताको चेतना। जनताले अब प्रश्न गर्न थाल्नुपर्छ, 'तपाईंले पाँच वर्षमा के गर्नुभयो?' जात, धर्म वा दलभन्दा माथि उठेर विकासको हिसाब-किताब माग्नुपने बेला आएको छ। दोस्रो, घोषणापत्रको गम्भीरता। दलहरूले नाराभन्दा ठोस रोडम्याप प्रस्तुत गर्नुपर्छ- कृषि, उद्योग, शिक्षा, स्वास्थ्यमा के, कहिले र कसरी? बजेट र स्रोत के हो? कार्यान्वयन कसले गर्ने?

तेस्रो, स्थानीय मुद्दाको राष्ट्रियकरण। मधेसको विकास समस्या राष्ट्रिय बहस बन्नुपर्छ। बाढी, सुक्खा, सीमा व्यापार, रोजगारी- यी केवल मधेसका होइनन्, राष्ट्रिय मुद्दा हुन्। चौथो, मिडिया र नागरिक समाजको भूमिका। विकास केन्द्रित बहस, तथ्यमा आधारित बहस र जनदबाब बिना चुनावी एजेन्डा बदलिँदैन।

मधेसको विकासका लागि केही स्पष्ट प्राथमिकता क्षेत्र छन्- सिँचाइ र जल व्यवस्थापन। बाढी नियन्त्रण र बहुउपयोगी सिँचाइ। कृषि-उद्योग एकीकरण, उत्पादनदेखि बजारसम्म। सीमा व्यापार र लजिस्टिक्स- भन्सार, गोदाम, यातायात। प्राविधिक शिक्षा र सीप, युवामुखी रोजगार।

चुनाव कुनै औपचारिक अभ्यास मात्र होइन, यो राज्यको दिशा तय गर्ने सामूहिक निर्णय हो।

स्वास्थ्य र पोषण, मानव विकासको आधार। सुशासन र भ्रष्टाचार नियन्त्रण, विकासको प्राण। सहरी योजना र आवास, अव्यवस्थित सहरीकरण रोक्न। जलवायु अनुकूल विकास, बाढी, तातो हावा र कृषि जोखिम न्यूनीकरण गर्न।

मधेस पछाडि परेको छ, तर पछाडि नै रहनु नियति होइन। समस्या पहिचान भइसकेको छ; समाधानको बाटो पनि स्पष्ट छ। अब प्रश्न इच्छाशक्ति, नेतृत्व र नागरिक दबाबको हो। चुनाव केवल सत्ता हस्तान्तरणको प्रक्रिया होइन, विकासको दिशानिर्देश तय गने अवसर हो। यदि मधेसले विकासलाई मतदानको केन्द्रमा राख्न सक्यो भने, मधेस मात्र होइन– नेपालकै विकासको गति बदलिन सक्छ। अब मधेसले सहानुभूति होइन, न्यायसहितको विकास माग्नुपर्छ। यही मागले मात्र लोकतन्त्रलाई सार्थक बनाउनेछ।

चुनाव कुनै औपचारिक अभ्यास मात्र होइन, यो राज्यको दिशा तय गर्ने सामूहिक निर्णय हो। यस्तो निर्णायक घडीमा विकास प्रमुख मुद्दा बन्नु अपरिहार्य छ, किनकि विकास बिना लोकतन्त्र केवल मतदानको प्रक्रियामा सीमित हुन्छ। नागरिकले भोग्ने दैनिक जीवन- रोजगारीको अभाव, कमजोर पूर्वाधार, शिक्षा, स्वास्थ्यको सङ्कट, कृषि र उद्योगको पिछडापन, यी सबै प्रश्नको केन्द्रमा विकास नै हुन्छ।

त्यसैले चुनावी बहस भावनात्मक नारा र व्यक्तिपूजाबाट माथि उठेर विकासका ठोस एजेन्डामा केन्द्रित हुनुपर्छ।

पहिलो, विकास नागरिकको जीवनस्तरसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। सडक, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्य, डिजिटल पहुँच- यी कुनै अमूर्त सपना होइनन्, दैनिक आवश्यकताहरू हुन्। जब विकास चुनावको मुख्य मुद्दा बन्छ, तब मतदाताले प्रत्याशीलाई 'तिमीले मेरो जीवन कसरी बदल्छौ?' भन्ने प्रश्न सोध्न थाल्छन्।

तेस्रो, विकासले सङ्घीयता र स्थानीय शासनलाई अर्थपूर्ण बनाउँछ। विकास बिना सङ्घीय संरचना केवल प्रशासनिक पुनर्संरचना मात्र रहन्छ।यसले राजनीति उत्तरदायी बन्छ र नेताहरूलाई ठोस योजना, समयसीमा र स्रोत व्यवस्थापनसहित कुरा गर्न बाध्य बनाउँछ। विकास केन्द्रित बहसले झूटा आश्वासनभन्दा नीतिगत स्पष्टतालाई प्राथमिकता दिन्छ।

दोस्रो, विकास रोजगारी र आर्थिक स्वावलम्बनको मूल आधार हो। नेपालजस्ता मुलुकमा बेरोजगारी, वैदेशिक पलायन र असमानता गहिरो समस्याका रूपमा रहेका छन्। यदि चुनावमा विकास प्रमुख मुद्दा बनाइयो भने उद्योग, कृषि आधुनिकीकरण, पर्यटन, साना तथा मझौला उद्यम, सीप विकासजस्ता विषयले स्थान पाउँछन्। यसले युवा वर्गलाई राजनीतिसँग जोड्छ, किनकि उनीहरूको मुख्य सरोकार भविष्य र अवसरसँग गाँसिएको हुन्छ। विकासको एजेन्डाले राज्यलाई उपभोगमुखी होइन, उत्पादनमुखी अर्थतन्त्रतर्फ डोऱ्याउँछ।

तेस्रो, विकासले सङ्घीयता र स्थानीय शासनलाई अर्थपूर्ण बनाउँछ। विकास बिना सङ्घीय संरचना केवल प्रशासनिक पुनर्संरचना मात्र रहन्छ। चुनावमा विकासको बहस हुँदा प्रदेश र स्थानीय तहको भूमिका, अधिकार र स्रोतको न्यायोचित बाँडफाँडमाथि प्रश्न उठ्छ। यसले 'केन्द्रले के दियो?' भन्दा 'स्थानीय सरकारले के गऱ्यो?' भन्ने संस्कार विकास गर्छ। नजिकको सरकार जवाफदेही हुन्छ, नागरिक सहभागिता बढ्छ र लोकतन्त्रको जरा गहिरिन्छ।

चौथो, विकास सुशासनसँग गाँसिएको मुद्दा हो। योजना कार्यान्वयन, बजेट खर्च, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता- यी सबै विकासकै अङ्ग हुन्। विकासलाई चुनावी मुद्दा बनाउँदा सुशासन स्वतः छलफलमा आउँछ। मतदाताले नारा होइन, परिणाम खोज्छन्। यसले शक्ति प्राप्तिपछिको राजनीति होइन, नीति-परिणामको राजनीति जन्माउँछ।

अन्ततः, विकासलाई चुनावको प्रमुख मुद्दा बनाउनु भविष्यप्रतिको जिम्मेवारी हो। विभाजनकारी राजनीति, अस्थायी उत्तेजना र खाली राष्ट्रवादले दीर्घकालीन समाधान दिँदैन। विकासले मात्र आशा, स्थिरता र समावेशी प्रगतिको बाटो खोल्छ। त्यसैले चुनाव जित्ने रणनीति होइन, देश बनाउने दृष्टि विकासमै खोजिनु पर्छ। लोकतन्त्रको सार यही हो- जनताको जीवन बदल्ने राजनीति।

विज्ञापन गानुपेमा
९८६३३२११४
९८०८७८२११४

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

२४ सं घण्टा इमजेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहरुद्वा उत्कष्ट स्वास्थ्य सेवा

Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

## आयोगले हटायो

# बन्दसूचीबाट ७६ उम्मेदवारको नाम

निर्वाचन आयोगले समानुपातिक बन्दसूचीबाट ७६ जनाको नाम हटाएको छ। विभिन्न दलले अयोगमा बुझाइएको बन्दसूचीबाट ती नामहरू हटाइएको हो।

कानुनअनुसार उम्मेदवारीका लागि अयोग्य देखिएपछि उनीहरूको नाम हटाएको आयोगले जनाएको छ।उम्मेदवारउपर परेको उजुरी, प्रचलित कानुनबमोजिम तोकिएको उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी व्यवस्थाका आधारमा समानुपातिक बन्दसूचीबाट नाम हटाएको आयोगका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले बताए।

कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१, प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा कायम रहेका २५, निर्वाचन आयोगबाट तोकिएको जरिवाना भुक्तान गरेका १०, २५ वर्ष उमेर पूरा नभएका चार, मतदाता नामावलीमा समावेश नभएका एक, महिला उम्मेदवार पेस हुनुपर्नेमा पुरूष उम्मेदवार पेश भएका-१, मतदाता नामावली पिछिडिएको क्षेत्रमा नरहेका दुईको नाम हटाइएको छ।

यस्तै, सम्बन्धित राजनीतिक दलबाट नाम हटाउन लेखि आएका १० र एकभन्दा बढी कारण भएका दुईजनाको नाम हटाएको आयोगले जानकारी दिएको छ।

# चार करोड मूल्य बराबरको धान खरिद

**टक नेपाल**



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले विगत दुई महिनामा किसानबाट रु चार करोड सात लाख ६४ हजार २९० मूल्य बराबरको धान खरिद गरेको जनाएको छ।

कार्यालयका अनुसार महोत्तरी र धनुषा जिल्लाका २४० किसानबाट हालसम्म ११ हजार २३५ क्विन्टल सोना मन्सुली धान खरिद गरिएको हो। प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाको दरले ११ हजार २३५ क्विन्टल धान खरिद गरिएको कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाले बताए।

गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको र हालसम्म सो परिमाणको धान खरिद भइसकेको कार्यालयका प्रमुख थापाले बताए। उनका अनुसार यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठूलो सङ्ख्यामा किसानले कार्यालयमा नाम दर्ता गराएको छ। बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य बढी भएकाले धान बिक्री गर्ने किसान आउने क्रम बढेको उनको भनाइ छ।

बजारमा रु ३ हजार प्रतिक्विन्टल धान खरिद बिक्री भइरहेको छ। कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिए।

धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ। कार्यालयका अनुसार कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म किसानले ल्याएको धान खरिद भइरहेको छ। हालसम्म धनुषा र महोत्तरी जिल्लाका २४० जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरिसकेका छन्।

धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानको सङ्ख्या बढी रहेको उनले बताए। यसवर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको वरिष्ठ सहायक जयकिशुनप्रसाद चौधरीले जानकारी दिए।

सरकारले यसवर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा तोकेको छ। धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिइन्।

# जीतपुर सिमरामा.............

आएका थिए। चौधरी आएको केही दिनमै उनको सहसचिव बढुवाको अन्तिम निर्णय भएसँगै उनी पुनः सामान्य प्रशासन मन्त्रालय फर्किए।चौधरीले चार दिन पालिकामा रहँदा कर्मचारीको तलबभत्ता र सामाजिक सुरक्षा भत्ताको निर्णय गरे पनि अन्य काम भने अलपत्र छ।

उपमहानगर योजना शाखा प्रमुख सुदन चौधरीले प्रमुख प्रशासकीय अधिकृत नहुँदा खोलाको ठेक्का सम्झौता र कार्यदेश दिन ढिलाइ भएको बताएका छन्। 'प्रमुख प्रशासकीय नहुँदा वडागत र पालिकाका नयाँ सम्झौता, पुराना ठेक्काको भुक्तानी रोकिएको छ, शाखाहरू पनि कामविहीन भएका छन्, करार कर्मचारीको सम्झौता सकिएको छ,' योजना शाखा प्रमुख चौधरीले भने, 'पालिकाको सम्पूर्ण अधिकार प्रशासकीयमा केन्द्रित हुने भएकाले सामान्य दैनिकीबाहेक सम्पूर्ण काम ठप्पजस्तै छ।'

उपमहानगरले चालु आर्थिक वर्षका लागि २ अर्ब एक लाखको बजेट विनियोजन गरे पनि यस वर्ष वडाका कामहरू सुरु भएका छैनन्।

यता सहसचिव चौधरीले बढुवापछि नियुक्ति नपाइसकेकाले सामान्य मन्त्रालयमा हाजिर गरेर बसेको बताएका छन्। 'बढुवापछि मेरो नियुक्ति कहाँ हुन्छ थाहा छैन,' सहसचिव चौधरीले भने, 'जीतपुर सिमराको प्रशासकीय प्रमुखका लागि निर्वाचन आयोगसँग सहमति लिएर गर्न सकिन्छ।'

उपमहानगरमा सामाजिक तथा आर्थिक विकास महाशाखा, पूर्वाधार र सामान्य प्रशासन गरी ३ महाशाखा र करिब एक दर्जन शाखा छन्। पालिका कर्मचारी प्रमुखविहीन हुँदा आसन्न कक्षा ८ को जिल्लास्तरीय परीक्षासमेत प्रभावित हुने देखिन्छ।








## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्‌।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्‌।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्‌।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्‌।
- अनियन्त्रित बोडिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बटेश्वर गाउँपालिका,महोत्तरी




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014